नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विज्ञप्ती २**

कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने कार्य प्रारम्भ भईसकेको छ । अध्यादेशको दफा ४ को उपदफा (१) बमोजिम सरकारी सेवाका कर्मचारीको विवरण १५ दिनभित्र अध्यावधिक गर्न गराउन सेवा सञ्चालन गर्ने निकायलाई मिति २०७५/०८/२५ मा पत्राचार गरिसकिएको छ । यसै सन्दर्भमा राष्ट्रिय किताबखानामा रहेको कर्मचारीको विवरणमा उल्लिखित मोबाइल नम्बरमा आ-आफ्नो व्यक्तिगत विवरण १५ दिनभित्र अध्यावधिक गर्न सम्पूर्ण कर्मचारीहरुलाई SMS पठाइसकिएको छ । साथै मिति २०७५/०८/२५ मा नै सबै सेवा सञ्चालन गर्ने मन्त्रालय, निकायहरुलाई पत्राचार गरी अध्यादेश कार्यान्वयनको सन्दर्भमा कर्मचारीहरुको विवरण अध्यावधिक गर्नुपर्ने र समायोजन अवधिमा सरुवा जारी रहँदा सो कार्यमा अवरोध पुग्न जाने हुँदा समायोजनको कार्य सम्पन्न नभएसम्म सरुवा सम्बन्धी कार्यलाई स्थगित गर्ने व्यवस्था हुन पत्राचार गरिसकिएको छ ।

अतः तोकिएको अवधिभित्र कर्मचारीहरुको विवरण राष्ट्रिय किताबखानामा अध्यावधिक गर्न गराउन तथा सरुवा सम्बन्धी कार्य स्थागित गरी कर्मचारी समायोजनको कार्यमा सकारात्मक सहयोग पुर्याउनुहुन तथा कर्मचारी समायोजन प्रकृयामा सबै कर्मचारीहरु सहभागि भई संघीयता कार्यान्वयनमा सहयोग गर्न सम्बन्धित सबैमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अपिल गर्दछ । कर्मचारीहरुले समायोजनका निम्ति निवेदन दिन आफू खटिएको कार्यरत कार्यालयमा उपस्थित भई विवरण भर्नुपर्ने भएकोले विभिन्न सेवा समूह सञ्चालन गर्ने मन्त्रालय तथा अन्य निकायको निर्णय बमोजिम संघ प्रदेश वा स्थानीय तहका खटाइएका कर्मचारीहरुले आफू खटिएको कार्यालयमा २०७५/०८/२८ गते शुक्रबारभित्र अनिवार्य रुपमा हाजिर भई सो को जानकारी सम्बन्धित सेवा सञ्चालन गर्ने निकाय/मन्त्रालय र राष्ट्रिय किताबखानामा समेत पठाउनुहुन सम्बन्धित सबै कर्मचारी तथा कार्यालय प्रमुखहरुलाई निर्देशन दिने निर्णय भएको व्यहोरा समेत जानकारी गराइन्छ ।

कर्मचारी समायोजन सम्बन्धमा कुनै पनि किसिमको द्विविधा भएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कर्मचारी समायोजन तथा संगठन विकास महाशाखा प्रमुख केदार प्रसाद पनेरु (मोवाइलः९८५१२६२६२६), कर्मचारी समायोजन शाखाका उपसचिव एवं प्रवक्ता अनिता निरौला (मोबाइलः९८४१४९३८३८ ) तथा कर्मचारी समायोजन शाखाका उपसचिव केशर पंडित (मोबाइलः९८५१२०९००१) सँग सम्पर्क गर्न सकिनेछ ।

२०७५/०८/२५

अनिता निरौला

उपसचिव

कर्मचारी समायोजन शाखा